फिक्कल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

खाङसाङ-४, सिन्धुली

# अनिवार्य तथा निःशुल्क शिक्षा कार्यक्रम कार्यान्वयनका लागि तयार गरिएको शैक्षिक प्रोफाइल

२०८२

शिक्षा, युवा तथा खेलकुद शाखा, फिक्कल गाउँपालिका, सिन्धुली

मितिः २०८२ चैत्र

# खण्ड १

# फिक्कल गाउँपालिकाको परिचय

## १.१. गाउँपालिकाको संक्षिप्त परिचयः




बागमती प्रदेश अन्तर्गत पर्ने सिन्धुली जिल्लाको यस फिक्कल गाउँपालिकाको गठन वि.स.२०७३ साल फागुन २७ गते साबिक खोलागाउँ गाउँ विकास समितिमा रहेको फिक्कल चुचुराको नामबाट नामकरण गरी स्थापित गाउँपालिका हो। अनुपम प्राकृतिक सुन्दरता तथा ऐतिहासिक र पुरातात्त्विक सम्पदाले भरिपूर्ण यो गाउँपालिकाको पूर्वमा उदपुर जिल्लाको कटारी नगरपालिका, उत्तरमा ओखलढुङ्गा र रामेछाप जिल्ला, पश्चिममा गोलञ्जोर गाउँपालिका र दक्षिणमा तीनपाटन गाउँपालिका र दुधौली नगरपालिका पर्दछन्। साबिकका महादेवडाँडा, पोखरी, खोलागाउँ, खाङसाङ, सोल्पाठाना र रत्नावती गरी छओटा गाउँ विकास समितिलाई एकीकृत गरी यो गाउँपालिकाको निर्माण गरिएको हो। यस गाउँपालिकामा छओटा वडा रहेका छन्। यसको सदरमुकाम खाङसाङ बेँसीमा रहेको छ। सिन्धुली जिल्लाका ९ स्थानीय तहमा २ नगरपालिका र ७ गाउँपालिका रहेका छन्। तिनैमध्ये जिल्लाको उत्तर पूर्वी भागमा रहेको फिक्कल गाउँपालिकाको अधिकांश भू- भाग पहाडी क्षेत्रले ढाकेको छ भने केही भाग टार बेँसीले ढाकेको छ । यस गाउँपालिका आफैंमा भौगोलिक विविधताले भरिपूर्ण त छँदैछ यसका साथै महाभारत श्रृङखलामा पर्ने २३८६ मिटर उचाइमा रहेको फिक्कल चुचुरो जिल्लाकै सर्वोच्च शिखर हो । अनेकौं डाँडाकाँडा, पहाड, लेक, बेँसी, खहरे नदीनाला, खोल्सा खोल्सी, उकाली ओराली, भन्ज्याङ देउराली, थुम्काथुम्की, मठमन्दिर, हरिया वन जङ्गल आदिले रोमाञ्चित बनाइरहेका छन् । यिनै प्राकृतिक परिदृश्यमा यसले आ-आफ्नै मौलिकता र अस्तित्व बोकेको छ ।

## १.२ संक्षिप्त वस्तुस्थिति

### १.२.१. सिमानाः

पूर्वः उदपुर जिल्लाको कटारी नगरपालिका
पश्चिमः गोलञ्जोर गाउँपालिका
उत्तरः ओखलढुङ्गा र रामेछाप जिल्ला
दक्षिणः तीनपाटन गाउँपालिका र दुधौली नगरपालिका

### १.२.२. भौगोलिक तथा प्रशासनिक अवस्थाः

क्षेत्रफलः १८६.०६ वर्ग कि.मि. (७१.८४ वर्ग माइल)
जनसंख्याः १५९१० (२०७८ को जनगणनाअनुसार)

जनघनत्वः ८६ जना प्रति वर्ग कि.मी (२०७८ को जनगणनाअनुसार)
केन्द्रः साबिकको खाङसाङ गा.वि.स.को खाङसाङ बेँसी
वडा संख्याः ६

**१.२.३. मुख्य पर्यटकीय स्थलहरूः**

फिक्कल चुचुरो, महाकाली देवी, अनिरुद्र महादेव, रचने थाम, सुनकोसी जलविहार, विष्णुपादुका मन्दिर, जिवेश्वर महादेव,आदि ।

**१.२.४. मुख्य साँस्कृतिक पर्वहरूः**

दशैं, तिहार, ल्होसार, जनैपूर्णिमा, शिवरात्री, माघे सङ्क्रान्ति, साउने सङ्क्रान्ति,ठूली एकादशी, चैतेदशैं, उँधौली, उँभौली, हरितालिका तीज, बाला चतुर्दशी, घुमाउने जात्रा आदि।

**१.२.५. बसोबास गर्ने जातजातिहरूः**

क्षेत्री, ब्राह्मण, कामी, तामाङ, सार्की, दमाई, नेवार, घर्ती/भुजेल, मगर, सुनुवार, राई, माझी आदि।

**१.३ निर्वाचित जनप्रतिनिधिहरूः**

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री पार्वती सुनुवार | अध्यक्ष | फिक्कल-१ | ९८५४०४१९४१ | |
| २ | श्री राजु बराल | उपाध्यक्ष | फिक्कल-५ | ९८५११२१९५९ | |
| ३ | श्री होमबहादुर सुनुवार | १ नं वडा अध्यक्ष | फिक्कल-१ | ९८६६५५६४४२ | |
| ४ | श्री शंकरबहादुर भण्डारी | २ नं वडा अध्यक्ष | फिक्कल-२ | ९८४४२५३४२२ | |
| ५ | श्री टेकबहादुर रजन मागर | ३ नं वडा अध्यक्ष | फिक्कल-३ | ९८५११९७१३५ | |
| ६ | श्री मोहन मगर | ४ नं वडा अध्यक्ष | फिक्कल-४ | ९८५११९९८३० | |
| ७ | श्री बैकुण्ठलाल पहाडी | ५ नं वडा अध्यक्ष | फिक्कल-५ | ९८१७८१७३०४ | |
| ८ | श्री कुलेन्द्रबहादुर मगर | ६ नं वडा अध्यक्ष | फिक्कल-६ | ९८४२९४४४४६ | |
| ९ | श्री लिलबहादुर सुनुवार | कार्यपालिका सदस्य | फिक्कल | | |
| १० | श्री पूर्णमाया थापा मगर | कार्यपालिका सदस्य | फिक्कल-२ | ९८६८२९६८७७ | |
| ११ | श्री टीकामाया विश्वकर्मा | कार्यपालिका सदस्य | फिक्कल | | |
| १२ | श्री तारा विश्वकर्मा | कार्यपालिका सदस्य | फिक्कल-४ | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १३ | श्री साबित्राकुमारी थापा मगर | कार्यपालिका सदस्य | फिक्कल | ९८०५९९१९८५ | |
| १४ | श्री मंगलादेवी तामाङ | कार्यपालिका सदस्य | फिक्कल | ९८४४४६३२२० | |
| १५ | श्रीकविता विश्वकर्मा | १ नं वडा सदस्य | फिक्कल | ९७०३०६६९७७ | |
| १६ | श्री गुणराज विश्वकर्मा | १ नं वडा सदस्य | फिक्कल-१ | ९७४८२९७२४१ | |
| १७ | श्री धनबहादुर आले मगर | १ नं वडा सदस्य | फिक्कल-१ | ९८०५१२५११२ | |
| १८ | श्री मिनाकुमारी विक | २ नं वडा सदस्य | फिक्कल-२ | ९८४४२५१५५७ | |
| १९ | श्री देवबहादुर सुनुवार | २ नं वडा सदस्य | फिक्कल-२ | ९८४३२०६८०४ | |
| २० | श्री राजनबहादुर लुङ्गेली | २ नं वडा सदस्य | फिक्कल-२ | ९८४४४५७४८५ | |
| २१ | श्री तिलमाया श्रेष्ठ | ३ नं वडा सदस्य | फिक्कल-३ | ९७४६२२१६११ | |
| २२ | श्री ज्ञानेन्द्र तामाङ | ३ नं वडा सदस्य | फिक्कल-३ | ९८११९९१५६९ | |
| २३ | श्री पदमबहादुर कटुवाल | ३ नं वडा सदस्य | फिक्कल-३ | ९७४१६६५६२७ | |
| २४ | श्री मानकुमारी विक | ४ नं वडा सदस्य | फिक्कल-४ | ९८०७७०१८८० | |
| २५ | श्री देवीराज काफ्ले | ४ नं वडा सदस्य | फिक्कल-४ | ९८४३२४७१८७ | |
| २६ | श्री सीता दमाई | ५ नं वडा सदस्य | फिक्कल-५ | | |
| २७ | श्री पूर्णमाया भुजेल | ५ नं वडा सदस्य | फिक्कल-५ | ९८४३५८३०३२ | |
| २८ | श्री यमबहादुर सुनुवार | ५ नं वडा सदस्य | फिक्कल-५ | ९८२५७५७८३३ | |
| २९ | श्री जगतकुमारी विक | ६ नं वडा सदस्य | फिक्कल-६ | ९८४८४६४२६४ | |
| ३० | श्री आईबहादुर दमदई | ६ नं वडा सदस्य | फिक्कल-६ | ९८६२५०३८०७ | |

| | | | | | |
|---|---|---|---|---|---|
| ३१ | श्री नारायणसिंह तामाङ | ६ नं वडा सदस्य | फिक्कल-६ | ९८१३२६३२९० | |

## १.४ आधारभूत तह उत्तीर्ण परीक्षा सञ्चालन तथा समन्वय समिति

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री डम्बरबहादुर रजन मगर | अध्यक्ष | फिक्कल -३ | ९८५४०४५४६२ | |
| २ | श्री लक्ष्मीप्रसाद घिमिरे | सदस्य | फिक्कल -४ | ९८४४१९७२७६ | |
| ३ | श्री ठाकुरप्रसाद फुयाल | सदस्य | फिक्कल -३ | ९८४२४१२३३६ | |
| ४ | श्री अनिल अधिकारी | सदस्य सचिव | दुधौली | ९८४३२२९५०४ | |

## १.५ प्रोफाइलको उद्देश्य

- गाउँपालिकाभित्र अनिवार्य तथा निःशुल्क शिक्षाको वर्तमान स्थिति पहिचान गरी सुधार गर्ने।
- विद्यार्थी भर्ना, निरन्तरता, शिक्षण सिकाइ गुणस्तर र पूर्वाधारको अवस्था विश्लेषण गर्नु।
- समस्या, चुनौती तथा सुधारका उपाय पहिचान गरी भविष्यका योजना निर्माण गर्नु।

## १.६ प्रोफाइल तयारीका क्रममा प्रयोगमा ल्याइएका दस्तावेज र कार्यक्रम

- शिक्षा युवा तथा खेलकुद शाखाले EMIS (Education Management Information System) डाटा विश्लेषण।
- अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन २०७५, अनिवार्य तथा निःशुल्क शिक्षा नियमावली २०७७ र अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन कार्य योजना २०८१(मस्यौदा) को अध्ययन

## १.७ प्रोफाइलको औचित्य

अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ अनुसार ४ वर्ष पूरा भएका र १३ वर्ष ननाघेका सबै बालबालिका विद्यालय भर्ना भए नभएको यकिन गर्ने र स्थानीय तहको कानूनी तथा नैतिक दायित्व पूरा भए नभएको निक्यौंल गर्नु। ४ वर्ष उमेर पूरा भएका र १३ वर्ष ननाघेका बालबालिकालाई आधारभूत तहको शिक्षा अनिवार्य रूपमा दिनुपर्ने कुरा सरोकारवालाहरूलाई स्पष्ट जानकारी गराउँदै नीति, कार्य योजना र जिम्मेवारी बोध गराउनु, गाउँ कार्यपालिका, शिक्षा युवा तथा खेलकुद शाखा, प्रधानाध्यापक, वडा समिति, विद्यालय व्यवस्थापन समिति र अभिभावक सबैको भूमिका स्पष्ट पारी जवाफदेही बनाई, दिगो विकास लक्ष्य नं ४ र नेपाल सरकारको शिक्षा नीतिसँग जोडेर स्थानीय तहको दायित्व पूरा भएको प्रमाणित गर्नु यो प्रोफाइल तयारीको औचित्य हो।

## १.८ प्रोफाइलको सीमा

फिक्कल गाउँपालिका क्षेत्रभित्र ६ओटै वडामा सर्वेक्षण गरी दुर्गम बस्ती, मौसमी बसाइँसराइ गर्ने परिवार र अस्थायी रूपमा बाहिर गएका बालबालिका विद्यालयमा भर्ना भए नभएको यकिन गरी पूर्ण रूपमा विद्यालय भर्ना गराउने। EMIS र स्थानीय सर्वेक्षणमा आधारित भई तथ्यपरक तथ्याङ्क विश्लेषण गर्दै विद्यालयमा नियमित उपस्थिति, सिकाइ उपलब्धि र गुणस्तरको पक्षलाई अझै विस्तृत बनाउने। समग्र रूपमा फिक्कल गाउँपालिका क्षेत्रभित्र ४ वर्ष पूरा भएका तर १३ वर्ष ननाघेका बालबालिकाहरूको सङ्ख्या पत्ता लगाएर उनीहरूलाई विद्यालयमा भर्ना हुन प्रेरित गर्नु रहेको छ।

# खण्ड २

## फिक्कल गाउँपालिकाका शिक्षा सम्बद्ध निकायहरू

### २.१ शिक्षा, युवा तथा खेलकुद शाखाः

फिक्कल गाउँपालिकाको समग्र शैक्षिक अवस्था ( मूलतः आधारभूत र माध्यमिक शिक्षा) र युवा तथा खेलकुद कार्यक्रमहरूसमेतको सञ्चालनका लागि गाउँ कार्यपालिकाको कार्यालयको एउटा महत्वपूर्ण शाखाको रूपमा शिक्षा, युवा तथा खेलकुद शाखाको व्यवस्था रहेको छ । वि.स. २०७२ असोज ३ गते जारी नेपालको संविधानको अनुसूची ८ ले आधारभूत र माध्यमिक शिक्षासम्बन्धी एकल अधिकार स्थानीय तहलाई दिएको छ भने स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (२) (ज)ले आधारभूत र माध्यमिक शिक्षाको सञ्चालन र व्यवस्थापनसम्बन्धी विभिन्न २३ ओटा काम कर्तव्य र अधिकार स्थानीय तहको हुने व्यवस्थापन गरेको छ । संवैधानिक व्यवस्थाअनुसार देशैभर ७५३ ओटा स्थानीय तहहरूमा गठन भइसकेको र प्रत्येक स्थानीय तहले स्थानीय सरकारका रूपमा काम गरिरहेका छन् । यसै सन्दर्भमा फिक्कल गाउँपालिकासमेतले स्थानीय सरकारका रूपमा संविधान प्रदत्त अधिकारको प्रयोग गर्न र स्थानीय सरकार सञ्चालन ऐनबमोजिम गाउँपालिका क्षेत्रभित्रको समग्र शिक्षा, युवा तथा खेलकुदसम्बन्धी काम, कर्तव्य र अधिकारलाई व्यवस्थित ढङ्गबाट कार्यान्वयन गर्न यस शाखाको व्यवस्था भएको हो । कर्मचारी समायोजनका क्रममा नेपाल सरकारबाट फिक्कल गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाका लागि अधिकृत स्तर १ र सहायक स्तर ( पाँचौं तह) को १ गरी २ जना कर्मचारीहरू रहने गरी संगठन संरचना स्वीकृत भएको छ । यो शाखा फिक्कल गाउँपालिकाको वडा नं. ४ खाङसाङ स्थित गाउँ कार्यपालिकाको कार्यालय भवनमा रहेको छ ।

### २.२ शिक्षा, युवा तथा खेलकुद शाखामा कार्यरत कर्मचारी विवरणः

| क्र.स. | नाम थर | पद | ठेगाना | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री डम्बरबहादुर रजन मगर | प्रमुख प्रशासकीय अधिकृत | फिक्कल-३ | ९८५४०४५४६२ | शिक्षा अधिकृत खाली भएकाले |
| २ | श्री अनिल खत्री | सहायक कर्मचारी | दुधौली | ९८४३२२९५०४ | |

### २.३ शिक्षा, युवा तथा खेलकुद शाखाका काम, कर्तव्य र अधिकारः

स्थानीय सरकार सञ्चालन ऐन २०७४ अनुसार स्थानीय तहका काम, कर्तव्य र अधिकारका रूपमा तोकिएका देहायका कामहरू गर्ने जिम्मेवारी शिक्षा, युवा तथा खेलकुद शाखाको रहेको छ ।

- प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक र विशेष शिक्षासम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन मुल्याङ्कन र नियमन,
- सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन,
- प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
- मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,
- गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,
- गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,
- विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,
- विद्यालयको नामकरण
- सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,
- विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,
- सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,
- विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
- सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
- आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
- विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
- निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
- ट्युसन कोचिङ जस्ता विद्यालयबाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
- स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,

- स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
- माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
- सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
- शिक्षण सिकाइ, शिक्षक र कर्मचारीहरूको तालिम तथा क्षमता विकास,
- अतिरिक्त शैक्षिक क्रियाकलाप सञ्चालन,
- युवा सम्बद्ध कार्यहरू,
- स्थानीय स्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
- स्थानीय स्तरका खेलकुद प्रशासन तथा सङ्घसंस्थाको नियमन र समन्वय,
- खेलकुद विकास र प्रवर्द्धन,
- खेलकुद प्रतियोगिता आयोजना र सहभागिता,
- खेलकुदसम्बन्धी पूर्वाधार विकास

**२.४ शैक्षिक संस्थाको अवस्थाः**

संस्थागत रूपमा शिक्षा प्रदान गर्ने सबैभन्दा तल्लो र महत्त्वपूर्ण निकायका रूपमा विद्यालयलाई लिइन्छ । फिक्कल गाउँपालिकाभित्र प्रारम्भिक बाल शिक्षा कक्षा देखि कक्षा १२ सम्मको शिक्षा दिने विद्यालयहरू स्थापना भई सञ्चालनमा रहेका छन् । शिक्षा ऐन २०२८ को व्यवस्था अनुसार नियमित रूपमा सरकारी अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयहरू सामुदायिक विद्यालय हुन् भने नियमित रूपमा सरकारी अनुदान प्राप्त नगर्ने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालयहरू संस्थागत विद्यालयहरू हुन् । फिक्कल गाउँपालिकामा हालसम्म संस्थागत विद्यालयहरू सञ्चालनमा छैनन् । तहका हिसाबले विद्यालय शिक्षालाई आधारभूत र माध्यमिक गरी दुई तहमा विभक्त गरिएको छ । प्रारम्भिक बाल शिक्षा देखि कक्षा ८ सम्म सञ्चालित विद्यालयहरू आधारभूत र कक्षा ९ देखि १२ सम्म सञ्चालित विद्यालयहरू माध्यमिक विद्यालय हुन् तथापि शिक्षा ऐनले कक्षा १ देखि ५ सम्मको शिक्षा दिने विद्यालयलाई प्राथमिक विद्यालयका रूपमा परिभाषित गरेको छ । यसै अनुरूप यस फिक्कल गाउँपालिकामा २०८२ सालसम्म सञ्चालन भइरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न अनुसार रहेको छ ।

**२.५ विद्यालय विवरणः**

- कुल सामुदायिक विद्यालय तथा सिकाइ केन्द्रहरूः ६८ वटा
- माध्यमिक तहः १३ वटा
- निम्न माध्यमिक तहः ६ वटा
- प्राथमिक तहः ३५ वटा
- बालविकास/बाल सिकाइ केन्द्रः ११ वटा
- सामुदायिक सिकाइ केन्द्रः ३ वटा

## २.६ शिक्षक/सहजकर्ता विवरणः

- बालविकासः ५५ जना
- कक्षा १—५ः १८५ जना
- कक्षा ६—८ः ७१ जना
- कक्षा ९—१०ः ४८ जना
- कक्षा ११—१२ः १४ जना

## २.७ विद्यार्थी विवरण (२०८२):

- बालविकासः ३९७ जना (छात्रा १९१, छात्र २०६)
- कक्षा १—५ः १६३७ जना (छात्रा ८५०, छात्र ७८७)
- कक्षा ६—८ः १२४५ जना (छात्रा ६२३, छात्र ६२२)
- कक्षा ९—१०ः ७९२ जना (छात्रा ४४०, छात्र ३५२)
- कक्षा ११—१२ः ४४१ जना (छात्रा २४५, छात्र १९६)

## २.८ शिक्षक विद्यार्थी अनुपातः

- बालविकासः १:७
- प्राथमिक (१—५): १:९
- निम्न माध्यमिक (६—८): १:१८
- माध्यमिक (९—१०): १:१७
- उच्च माध्यमिक (११—१२): १:३२

यो अनुपात राष्ट्रिय औसतभन्दा राम्रो छ, तर निम्न माध्यमिक र माध्यमिक तहमा विषयगत शिक्षकको कमी देखिन्छ।

## २.९ आधारभूत तह कक्षा ८ मा भर्ना भएका र परीक्षामा सम्मिलित विद्यार्थी विवरणः २०८२

| क्र.स. | विद्यालयको नाम | भर्ना भएका | | जम्मा | परीक्षामा सम्मिलित जम्मा | उत्तीर्ण जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | छात्रा | छात्र | | | | |
| १ | श्री जनजागृति मा.वि. ढोडेनी | ९ | ७ | १६ | १६ | १६ | |
| २ | श्री जनकल्याण नि.मा.वि. नयाँगाउँ | ५ | ६ | ११ | ११ | ११ | |
| ३ | श्री मा.वि. काउलेडाँडा | ११ | ९ | २० | २० | २० | |
| ४ | श्री मा.वि. महादेवडाँडा | १३ | १५ | २८ | २८ | २८ | |
| ५ | श्री मा.वि. लुम्ती | १३ | १० | २३ | २३ | २३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ६ | श्री मा.वि. सुम्नाम सुन्तले, चण्डीभन्ज्याङ | १६ | १९ | ३५ | ३५ | ३५ | |
| ७ | श्री चण्डिका मा.वि. चनौटे | १४ | १० | २४ | २० | २० | ४ जना ड्रपआउट |
| ८ | श्री प्रकाशोदय मा.वि. खुरहरी | १३ | १४ | २७ | २७ | २७ | |
| ९ | श्री मा.वि. रातमाटा खोलागाउँ | ५ | ८ | १३ | १३ | १३ | |
| १० | श्री लोकप्रकाश नि.मा.वि. ठुलीवन | ५ | ४ | ९ | ८ | ८ | १ जना ड्रपआउट |
| ११ | श्री महाकली मा.वि. पोटी खाङसाङ | १९ | ९ | २८ | २८ | २८ | |
| १२ | श्री सुनकोसी मा.वि. खाङसाङ | ५ | ४ | ९ | ८ | ८ | १ जना ड्रपआउट |
| १३ | श्री आधारभूत वि. बान्हबिसे, ठुल्ढुङ्गा | ५ | ७ | १२ | ११ | ११ | १ जना ड्रपआउट |
| १४ | श्री कालिकादेवी नि.मा.वि. जाङजाङ | ३ | ५ | ८ | ८ | ८ | |
| १५ | श्री फिक्कल मा.वि. सोल्पा भन्ज्याङ | ११ | ९ | २० | २० | २० | |
| १६ | श्री नि.मा.वि. देउकीडाँडा | ११ | १० | २१ | २० | २० | १ जना ड्रपआउट |
| १७ | श्री जनता नि.मा.वि. भीरगाउँ | ११ | ९ | २० | २० | २० | |
| १८ | श्री रत्नगङ्गा मा.वि. सोखु डिहीटार | ९ | १४ | २३ | २२ | २२ | १ जना ड्रपआउट |
| १९ | श्री मा.वि. सालुके | १८ | १३ | ३१ | ३० | ३० | १ जना ड्रपआउट |
| जम्मा | | २३२ | २१२ | ४४४ | ३६८ | ३६८ | १० |

माथिको तालिकाअनुसार शैक्षिक सत्र २०८२ मा फिक्कल गाउँपालिकाका माध्यमिक र निम्न माध्यमिक विद्यालयमा कक्षा ८ मा कुल विद्यार्थी सङ्ख्या ४४४ जना भर्ना भएका छन् तर आधारभूत तह उत्तीर्ण परीक्षामा ३६८ जना मात्र सहभागी भएका छन् । सहभागी विद्यार्थी सबै उत्तीर्ण हुनुले फिक्कल गाउँपालिकाको शैक्षिक स्तर राम्रो भएको तथ्य प्रमाणित हुन्छ यद्यपि ७६ जना विद्यार्थी ड्रपआउट भएको तथ्याङ्कले देखाउँछ । यी विद्यार्थीहरूलाई खोजी गरी उनीहरूको समस्या पहिल्याई पुनः विद्यालय भर्ना गराउनु पर्ने देखिन्छ ।

## २.१० घरधुरी सर्वेक्षण तथ्याङ्क

| क्र. स. | वडा नं | घरधुरी सङ्ख्या | जम्मा जनसङ्ख्या | | | साक्षर सङ्ख्या | | | निरक्षर सङ्ख्या | | | विद्यालय बाहिर रहेको सङ्ख्या ४-१३ वर्ष | | | अपाङ्ग सङ्ख्या ४-१३ वर्ष | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा | म. | पु. | जम्मा |
| १ | १ | ६८९ | १९३२ | १९७४ | ३९६६ | १२१६ | १५९८ | ४४१२ | २५८ | १११ | ४६९ | २ | ० | २ | २ | ० | २ |
| २ | २ | ४०३ | ११४६ | १२०६ | २३५२ | ८४२ | ९८६ | १८२८ | २४२ | १३१ | ३७३ | १ | ० | १ | २ | ५ | ७ |
| ३ | ३ | ६६४ | १७८७ | १६८४ | ३४७१ | १०६१ | १६६७ | २७२८ | २९८ | १८३ | ४८१ | ६ | ७ | १३ | १ | ० | १ |
| ४ | ४ | ६२९ | १७७३ | १८८३ | ३६५६ | १२९८ | १४४९ | २७४७ | २२० | १३६ | ३५६ | १ | ० | १ | ३ | १ | ५ |
| ५ | ५ | ४३२ | १२७६ | १३२४ | २६०० | ११२१ | १२७६ | २३९७ | २१ | १७ | ३८ | ० | १ | १ | ० | ० | ० |
| ६ | ६ | ५८४ | १६४० | १६६७ | ३३०७ | १४२३ | १४९६ | २९१९ | १६८ | ७७ | २४५ | ० | ० | ० | ० | ० | ० |
| कुल जम्मा | | ३४०१ | ८५२२ | ९७३८ | १८२६० | ६९६१ | ८४७२ | १५४२३ | १२०७ | ६५५ | १८६२ | १० | ८ | १८ | ८ | ६ | १५ |

## २.११ अपाङ्ग तथा विद्यालय बाहिर रहेका (४-१३ उमेर) समूहका  बालबालिकाको विवरण (वडानं १)

| क्र. स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको/ नगएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | अस्मिता सुनुवार | कुमार सुनुवार<br>भीममाया सुनुवार | खेती | १<br>भेडीखोर | भेडीखोर | नगएको | हिड्न बोल्न नसक्ने | |
| २ | सुस्मा सुनुवार | रामबहादुर सुनुवार<br>रत्नमाया सुनुवार | खेती | १ हेताम टोल | हेताम टोल | क वर्ग | | ३४४ |

## २.१२ अपाङ्ग तथा विद्यालय बाहिर रहेका (४-१३ उमेर) समूहका बालबालिकाको विवरण (वडानं २)

| क्र.स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको/न गएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | हीराकुमारी वि.क. | कमल वि.क.<br>विष्णुमाया वि.क. | खेती | २<br>ढाँड | ढाँड | ४ कक्षामा छोडेको | सुस्त | ३४ |
| २ | विशाल वि.क. | कमल वि.क.<br>गीताकुमारी वि.क. | खेती | २<br>सुम्नाम | सुम्नाम | नगएको | हिंड्न नसक्ने | २०७७१२०७०९९४५ |
| ३ | घनबहादुर राउत | सन्तोष राउत<br>बालकुमारी राउत | खेती | २<br>पोखरी | पोखरी | गएको | आँखाको सामान्य समस्या | |
| ४ | इशा अधिकारी | भक्तबहादुर अधिकारी<br>भुवनकुमारी अधिकारी | खेती | २<br>मुलाडाँडा | काठमाडौं | नगएको | | |
| ५ | जगतबहादुर सिँदाली | गणेशबहादुर सिँदाली<br>प्रेमकुमारी सिँदाली | खेती | २<br>पौती | पौती | नगएको | हिंड्न नसक्ने | १०००४० |
| ६ | जयस धमला | जगदिश धमला<br>सुस्मा खत्री,धमला | खेती | २<br>लुम्ती | लुम्ती | गएको | सामान्य | |
| ७ | अभिनव पहाडी | फणीन्द्रप्रसाद पहाडी<br>मालती लुइटेल | खेती | २<br>लुम्ती | काठमाडौं | गएको | स्वर बोलाइ | ८ वर्ष |

२.१३ अपाङ्ग तथा विद्यालय बाहिर रहेका (४-१३ उमेर) समूहका बालबालिकाको विवरण (वडानं ३)

| क्र.स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको/ नगएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | सोनीमाया श्रेष्ठ | चित्राबहादुर श्रेष्ठ होमकुमारी श्रेष्ठ | खेती | ३ बाँजागाउँ | बाँजागाउँ | नगएको | | |
| २ | आइस्मा वि.क. | राजन वि.क. हीरा वि.क. | खेती | ३ गुरुङ्छाप | गुरुङ्छाप | नगएको | | |
| ३ | रोनिस वि.क. | रमेश वि.क. सुनिता वि.क. | खेती | ३ गुरुङ्छाप | गुरुङ्छाप | नगएको | | |
| ४ | रसिला वि.क. | रमेश वि.क. सुनिता वि.क. | खेती | ३ गुरुङ्छाप | गुरुङ्छाप | नगएको | | |
| ५ | यशोदा दर्नाल | कुमार दर्नाल सरिता दर्नाल | खेती | ३ खुरहरी | खुरहरी | नगएको | | जन्म मिति २०७५ ।३।५ |
| ६ | महेश दर्नाल | कुमार दर्नाल सरिता दर्नाल | खेती | ३ खुरहरी | खुरहरी | नगएको | | जन्म मिति २०७७ ।५।३ |
| ७ | लालबहादुर जोगी | ज्ञानबहादुर जोगी साबित्रा जोगी | खेती | ३ महामण्डल | महामण्डल | ८ कक्षामा छोडेको | | |
| ८ | दिलबहादुर जोगी | ज्ञानबहादुर जोगी साबित्रा जोगी | खेती | ३ महामण्डल | महामण्डल | ८ कक्षामा छोडेको | | |
| ९ | कुमारीमाया सार्की | रेजबहादुर सार्की तेजकुमारी सार्की | खेती | ३ तल्लो झगरे | तल्लो झगरे | १ कक्षा | बौद्धिक | दर्ता नं २०६७१०२७०१५७९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १० | मनीषा बसेल | बुद्धिबहादुर सार्की सुनिताकुमारी सार्की | खेती | ३ तल्लो झगरे | तल्लो झगरे | ६ कक्षा | | जन्म मिति २०६७।४।४ |
| ११ | भेषबहादुर सार्की | डम्बरबहादुर सार्की | खेती | ३ तल्लो झगरे | तल्लो झगरे | ६ कक्षा | | दर्ता नं ५७ |
| १२ | प्रविन बसेल | चित्रबहादुर सार्की पार्वती सार्की | खेती | ३ तल्लो झगरे | तल्लो झगरे | ८ कक्षा | | |
| १३ | खेमबहादुर वि.क. | तेजबहादुर वि.क. कमलकुमारी वि.क. | खेती | ३ चनौटे | चनौटे | ७ कक्षा | | दर्ता नं ३४ |

**२.१४ अपाङ्ग तथा विद्यालय बाहिर रहेका (४-१३ उमेर) समूहका बालबालिकाको विवरण (वडानं ४)**

| क्र. स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको/न गएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | निर्जल मगर | टेकबहादुर मागर भुमिका मगर | खेती | ४ ठुलीवन | ठुलीवन | नगएको | अशक्त | २०७६०६१७१४५८८ |
| २ | मुना मगर | मोहनबहादुर मगर धनीमाया मगर | खेती | ४ ठुलीवन | ठुलीवन | नगएको | | २७ |
| ३ | खिनमाया लामिछाने | गङ्गाप्रसाद लामिछाने | खेती | ४ गैरीगाउँ | गैरीगाउँ | नगएको | अशक्त | २०६८ साल |
| ४ | पुष्पा क्याप्छाकी मगर | कर्णबहादुर मगर नन्दीमाया मगर | खेती | ४ मुखियाट ोल | मुखियाट ोल | नपढेको | अशक्त | २०५८।९।१ |
| ५ | हुकुम पिठाकोटे | डिल्लीराम पिठाकोटे रत्नमया पिठाकोटे | खेती | ४ सोखुगाउँ | सोखुगाउँ | ५ कक्षामा छोडेको | | २०६९।४।५ |

**२.१५ अपाङ्ग तथा विद्यालय बाहिर रहेका (४-१३ उमेर) समूहका  बालबालिकाको विवरण (वडानं ५)**

| क.स. | बालबालिकाको नाम | बाबु आमाको नाम | पेशा | वडा नं र टोल | हालको बसाइ | विद्यालय गएको/नगएको | अपाङ्ग भए सोको प्रकार | जन्म दर्ता नं |
|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुषोत्तम खड्का | पेशल खड्का सीता खड्का | खेती | ५ झगरे बैंसी | झगरे बैंसी | ८ कक्षा छोडेको | | नभएको |

घरधुरी सर्वेक्षण फारमको विश्लेषण गर्दा वडा नं १ मा २ जना, वडा नं २ मा ७ जना, वडा नं ३ मा १३ जना, वडा नं ४ मा ५ जना र वडा नं ५ मा १ जना ४ वर्ष पूरा भई १३ वर्ष ननाघेका बाबालिका छन् । वडा नं ६ मा भने ४ वर्ष पूरा भई १३ वर्ष ननाघेका कुनै पनि बालबालिका नभेटिएको सर्वेक्षण फारमबाट देखिएको छ ।

# खण्ड ३

# कार्यक्रम सञ्चालन योजना

## ३.१ कार्यक्रम सञ्चालन योजना

| क्र.स. | उद्देश्य | कार्यक्रम | अपेक्षित नतिजा | जिम्मेवार निकाय | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनिवार्य तथा निःशुल्क शीक्षा सुदृढीकरण गर्नु | कार्यपालिका बैठक | स्पष्ट नीति तथा कार्य योजना तयार | गाउँ कार्यपालिका | |
| २ | विद्यालय प्रमुख(प्र.अ.) हरूलाई कार्यक्रमबारे स्पष्ट बनाउने | प्र.अ. अभिमुखीकरण कार्यक्रम | प्र.अ. हरूको क्षमता अभिवृद्धि | शिक्षा युवा तथा खेलकुद शाखा | |
| ३ | विद्यालय उमेर समूहका बालबालिकाको पहिचान गर्नु | सर्वेक्षक टोली परिचालन | वास्तविक तथ्याङ्क उपलब्ध | प्र.अ. वडा अध्यक्ष र सर्वेक्षक | |
| क्र.स. | उद्देश्य | कार्यक्रम | अपेक्षित नतिजा | जिम्मेवार निकाय | कैफियत |
| ५ | वडा समिति, वि.व्य.स. र सरोकारवालालाई जिम्मेवारी बोध गराउनु | प्रत्येक वडामा अभिमुखीकरण कार्यक्रम सञ्चालन | वडा समिति, वि.व्य.स. र सरोकारवालालाई जिम्मेवारी बोध हुनु | गाउँ कार्यपालिका | |
| ६ | अभिभावक तथा समुदायसँग प्रत्यक्ष संवाद बढाउनु | घरदैलो कार्यक्रम सञ्चालन र प्रचार पुस्तिका वितरण | विद्यार्थी भर्नादर वृद्धि हुने | सरोकारवाला सबै | |
| ७ | सङ्कलित तथ्याङ्कको विश्लेषण गर्नु | प्राप्त तथ्याङ्क विश्लेषण कार्यशाला सञ्चालन | समस्याको स्पष्ट पहिचान हुनु | गाउँ कार्यपालिका शिक्षा युवा तथा खेलकुद शाखा | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८ | कार्यक्रमको निष्कर्ष निकाल्नु र सुझाव सङ्कलन गर्नु | निष्कर्ष तथा सुझाव कार्यशाला | सुधारका लागि ठोस योजना निर्माणमा सहयोग मिल्ने | गाउँ कार्यपालिका शिक्षा युवा तथा खेलकुद शाखा | |
| ९ | दीगो सुधारका लागि अनुगमन प्रणाली विकास गर्नु | योजनासहित नियमित अनुगमन तथा मूल्याङ्कन | शिक्षा प्रणाली सुधार भई शैक्षिक गुणस्तर वृद्धि | गाउँ कार्यपालिका शिक्षा युवा तथा खेलकुद शाखा | |

## ३.२ कार्यक्रम सञ्चालन

अनिवार्य तथा निःशुल्क शिक्षालाई थप प्रभावकारी र सुदृढ बनाउनका लागि गाउँ कार्यपालिकाले कार्यपालिका बैठक आयोजना गरी अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी स्पष्ट नीति तथा कार्य योजना तयार गर्नुपर्छ। बैठकमा शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू, लक्ष्यहरू र कार्यान्वयनका लागि आवश्यक रणनीतिहरूबारे गहन छलफल गरी त्यसपछि शिक्षा, युवा तथा खेलकुद शाखाले सबै विद्यालयका प्रधानाध्यापकहरूलाई लक्षित गरी अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्छ। यस कार्यक्रममार्फत प्रधानाध्यापकहरूलाई समग्र योजनाबारे पूर्ण जानकारी दिएर आफ्नो आफ्नो विद्यालयमा अभिमुखीकरण गरी शिक्षकहरूको भूमिका र जिम्मेवारी स्पष्ट पार्दै उनीहरूको नेतृत्व क्षमता तथा व्यवस्थापन सीप अभिवृद्धि गर्न सहयोग गर्ने। त्यसपछि विद्यालय उमेर समूहका सबै बालबालिकाहरूको सही पहिचान गर्न सर्वेक्षक टोली परिचालन गरी प्रधानाध्यापक, सम्बन्धित वडा अध्यक्ष र सर्वेक्षक टोली मिलेर घर-घरमा पुगेर बालबालिकाको वास्तविक सङ्ख्या, उमेर, नाम, ठेगाना र विद्यालय भर्ना अवस्थाको तथ्याङ्क सङ्कलन अद्यावधिक गरी शिक्षा, युवा तथा खेलकुद शाखाबाट (EMIS (Education Management Information System) वा अन्य आवश्यक प्रणाली प्रयोग गरी विद्यालय, विद्यार्थी, शिक्षकसम्बन्धी विस्तृत तथा वास्तविक तथ्याङ्क सङ्कलन गर्ने। यसले विद्यालयहरूको वर्तमान अवस्था स्पष्ट रूपमा देखाउन मद्दत गर्छ । वडा समिति, विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) र अन्य सरोकारवालाहरूलाई उनीहरूको जिम्मेवारीबारे सचेत र जिम्मेवार बनाउन प्रत्येक वडामा छुट्टाछुट्टै अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। त्यस कार्यक्रममा उनीहरूलाई अनिवार्य शिक्षाको कानूनी प्रावधान, बालबालिकाको शिक्षाको अधिकार र आफ्नो भूमिकाबारे विस्तृत जानकारी दिने। अभिभावक तथा स्थानीय समुदायसँग प्रत्यक्ष संवाद बढाउन घरदैलो कार्यक्रम सञ्चालन गर्दै अभिभावकहरूलाई भेटेर उनीहरूसँग थप छलफल गर्ने। निःशुल्क शिक्षाको महत्त्वबारे जानकारी दिई प्रचार पुस्तिका (Brochure) वितरण गर्ने। यसले बालबालिकाको विद्यालय भर्ना दर बढाउन र नियमित उपस्थिति सुनिश्चित गर्न सहयोग पुग्ने ।

सङ्कलित सबै तथ्याङ्कलाई गाउँ कार्यपालिका र शिक्षा, युवा तथा खेलकुद शाखाले संयुक्त रूपमा विश्लेषण कार्यशाला सञ्चालन गरी गहन अध्ययन गर्ने। यस कार्यशालामा मुख्य समस्याहरूको स्पष्ट पहिचान गरी र समाधानका लागि आधार तयार पार्ने ।त्यसपछि निष्कर्ष तथा सुझाव कार्यशाला आयोजना गर्ने । यसमा विभिन्न सरोकारवालाहरूबाट प्राप्त सुझावहरू सङ्कलन गरी शिक्षा क्षेत्रमा सुधार गर्नका लागि ठोस, व्यावहारिक र दीगो योजना निर्माण गर्ने योजनासहित शिक्षा प्रणालीमा दीगो सुधार ल्याउन र शैक्षिक गुणस्तर निरन्तर वृद्धि गर्न योजनासहित नियमित अनुगमन तथा मूल्याङ्कन प्रणाली विकास गरेर गाउँ कार्यपालिका र शिक्षा, युवा तथा खेलकुद शाखाले संयुक्त रूपमा यो अनुगमन प्रणाली सञ्चालन गर्ने निधो गर्ने।

यो समग्र योजनाले अनिवार्य तथा निःशुल्क शिक्षालाई स्थानीय स्तरमा प्रभावकारी रूपमा कार्यान्वयन गर्दै शैक्षिक गुणस्तरमा उल्लेखनीय सुधार ल्याउनुका साथै आधारभूत विद्यालय उमेर समूह (४-१३वर्ष) का बालबालिका विद्यालयको पहुँचमा आई आधारभूत शिक्षा प्राप्त गरी राष्ट्रको राष्ट्रिय लक्ष्य पूरा हुने अपेक्षा गरिएको छ ।

## खण्ड ४

# निष्कर्ष सुझाव

### ४.१ निष्कर्ष

समग्रमा रूपमा शैक्षिक तथ्याङ्कलाई केलाएर हेर्दा योजनामा उल्लिखित कार्यक्रमहरूको क्रमबद्ध तथा सहकार्यात्मक सञ्चालन गर्दा ४—१३ वर्षका बालबालिका केही मात्र विद्यालय बाहिर रहेको भेटिएको छ । यो उपलब्धि अनिवार्य तथा निःशुल्क शिक्षाको कार्यान्वयनमा उल्लेखनीय सफलता हो तर शैक्षिक सत्र २०८२ मा भने फिक्कल गाउँपालिकाका १९ ओटै विद्यालयका कक्षा ८ बाट ७६ जना विद्यार्थी ड्रपआउट भएको तथ्याङ्कले देखाएको छ। यस विषयमा सम्बन्धित विद्यालयलाई जिम्मेवार बनाई ती बालबालिकाहरू कहाँ के गरिरहेकाछन् । बसाइसराइबाट अन्य विद्यालयमा पढिरहेका छन् वा विभिन्न कारणले बालश्रम, सडक बालबालिकाका रूपमा जीवन यापन गरिरहेका छन् । तिनीहरूलाई खोजतलास गरी विद्यालयमा ल्याउनु हामी सबैको दायित्व हुन आउँछ । केही बालबालिकाहरू अपाङ्गताका कारण घरै बस्न बाध्य छन् । उनीहरूको लागि पनि अपाङ्गमैत्री तरिकाबाट आधारभूत तहसम्मको शिक्षा उपलब्ध गराउने तर्फ पनि हाम्रो ध्यान जान जरुरी छ र एक पटक भर्ना भएकाहरूलाई कक्षा ८ सम्म टिकाउने चुनौती अझै बाँकी छ।

### ४.२ सुझाव

१. तथ्याङ्क सङ्कलनबाट पत्ता लागेका विद्यालय बाहिर रहेका आधारभूत विद्यालय उमेरका बालबालिकाको लागि विद्यालय भर्ना अभियान सञ्चालन गर्ने।

२. गुणस्तरमा जोड अब पहुँचबाट गुणस्तर तर्फ ध्यान दिने । शिक्षक तालिम, पाठ्यक्रम कार्यान्वयन र कक्षा कोठाको वातावरण सुधार्ने ।

३.अनुगमनलाई कडा बनाउने गाउँकार्यपालिकाले मासिक अनुगमन कार्यतालिका बनाई प्रत्येक वडामा अनिवार्य रूपमा अनुगमन गर्ने र रिपोर्ट सार्वजनिक गर्ने ।

४. अभिभावक शिक्षा निरन्तरता वर्षमा कम्तीमा दुई पटक अभिभावक अभिमुखीकरण र पुरस्कार कार्यक्रम सञ्चालन गर्ने।

५. समावेशी शिक्षा अपाङ्गता भएका, दलित, गरिब तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विशेष छात्रवृत्ति, निःशुल्क यातायात र पोषण कार्यक्रम लागु गर्ने ।

६. वार्षिक समीक्षा प्रत्येक आर्थिक वर्षको अन्त्यमा “अनिवार्य तथा निःशुल्क शिक्षा समीक्षा गोष्ठी” आयोजना गरी सफलता र चुनौती विश्लेषण गर्ने।

७. अपाङ्गता भएका, दलित, गरिब तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि आवाससहितको शिक्षाको अवसर सुनिश्चित गर्ने योजना बनाउने ।

**समाप्त**